# कर्मचारीको कार्यसम्पादन मूल्यांकन फाराम बुझाउने सम्वन्धी जरुरी सूचना

**श्री सबै निर्देशनालयहरु, विभाग तथा अन्तर्गतका कार्यालय तथा आयोजनाहरु ।**

कोभिड-१९ संक्रमणको जोखिमका कारण काठमाडौं उपत्यकालगायत बिभिन्न जिल्लाहरुमा अत्यावश्यक काम बाहेक अन्य कार्यका लागि घर बाहिर निस्कन, पेशा ब्यवसाय गर्न तथा आवतजावत गर्नसमेत नपाउने गरी निषेधाज्ञालगायतका आदेशहरु जारी भएको ब्यहोरा अबगतै छ। काठमाडौं उपत्यकामा पनि उक्त कार्यका अतिरिक्त अन्य बिभिन्न गतिविधिहरु गर्न निषेध गरी मिति २०७७/५/३ गते राती १२.०० बजेदेखि मिति २०७७/५/१० गते राती १२.०० बजे सम्मका लागि आदेश जारी भएकोमा हाल मिति २०७७/५/१७ गते राती १२.०० बजे सम्मका लागि थप भएको छ ।

यस्तो प्रतिकुल अवस्थामा कर्मचारी सेवा विनियमावलीमा तोकिएको अवधि भित्र कर्मचारीको कार्यसम्पादन मूल्यांकन फारामहरु यस बिभागमा प्राप्त हुन सम्भब नदेखिएकाले मिति २०७७/५/१७ गते पछिको परिस्थितिलाई बिचार गरी यस विभागले सो मिति पछि तोक्ने अवधिभित्र सो फारामहरु बुझ्न र बुझाउन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै, कार्यसम्पादन मूल्यांकन फाराम भरेका (नभरेको भए सो समेत) कर्मचारीहरुको विवरण सम्वन्धित कार्यालयले यस विभागको इमेल neabaduwa@gmail.com मा पठाउनुहुन समेत अनुरोध गरिन्छ ।

**पदपूर्ति विभाग**

**नेपाल विद्युत प्राधिकरण**

**मिति: २०७७।०५।१०**